**सिटरोल फाराम र संलग्न गर्नुपर्ने कागजातहरुः**

१. कार्यालय प्रमुखबाट प्रमाणित सिटरोल ४ प्रति (स्थानीय तहको लागि ३ प्रति)

२. कार्यालय प्रमुख वा कम्तिमा रा.प.तृतीय स्तर अधिकृत वा नोटरी पब्लिकबाट प्रमाणित निम्न कागजातहरु

- नेपाली नागरिकताको प्रमाणपत्र।
- प्रदेश लोक सेवा आयोगको सिफारिसपत्र।
- स्थायी नियुक्ति पत्र/पदस्थापना पत्र।
- हाजिरी भएको जानकारी पत्र।
- शपथ ग्रहणको प्रमाणपत्र र निरोगिताको प्रमाणपत्र।
- पदसँग सम्बन्धित सबै तहका शैक्षिक योग्यताका प्रमाणपत्रहरु।
- बैदेशिक शैक्षिक योग्याताको हकमा समकक्षता निर्धारण पत्र।
- सम्बन्धित निकायबाट प्राप्त व्यवसायिक प्रमाणपत्र।
- नागरिकता भन्दा फरक स्थायी ठेगाना सिटरोलमा उल्लेख गरेकोमा बसाई सराई प्रमाणपत्र वा महिलाको हकमा विवाहदर्ता प्रमाणपत्र।
- यसअघि सङ्घीय निजामती सेवा, कुनै पनि प्रदेशको प्रदेश निजामती सेवा वा स्थानीय सेवामा रही स्थायी पदमा काम गरेको भए सोको विवरण स्पष्टसँग उल्लेख गरी तत्सम्बन्धी कागजात।
- सुविधा पाउने गरी परिवारका सदस्यमध्ये इच्छाइएको कुनै एक व्यक्तिको नागरिकताको प्रमाणपत्र र नाता खुल्ने दस्तावेजको प्रमाणपत्र।
- तालिमको प्रमाणपत्र।

३. सम्बन्धित कार्यालयबाट सिटरोल दर्ता गरीदिने अनुरोध पत्र।

४. प्रमाणपत्रहरुमा नाम, थर, ठेगाना र जन्ममिति फरक परेमा सम्बन्धित स्थानीय निकाय वा जिल्ला प्रशासन कार्यालयको सिफारिस पत्र

नोटः सिटरोल प्रमाणित गने अधिकारीले सिटरोल फाराममा निजामती कर्मचारीको हालसालै खिचिएको दुवै कान देखिने पासपोर्ट साइजको फोटो समेत प्रमाणित गरेको र फोटोकपीहरु प्रस्ट बुझ्ने खालको साथै माथि उल्लेख भए बमोजिम कागजातहरु क्रमशः सादा फाइलमा फाइलिङ्ग गरेको हुनु पर्नेछ।